नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बाजुरा

निर्णय नं. १

टेलिकम, बिजुली,खानेपानी जस्ता अत्यावश्यक सेवा आपूर्तिलाई नेपाल टेलीकम, विद्युत सहकारी र बृहत मार्तडी खानेपानी उपभोक्ता समिति लगायत जिल्ला भित्रको सम्बन्धित विद्युत,खानेपानी उपभोक्ता समितिले जिम्मेवारीका साथ बहन गरि सहज बनाउने ।

निर्णय नं. २.

खानेपानी कार्यालयले मार्तडी खानेपानीको अनुगमन गरी सहजिकरण गर्ने ।

निर्णय नं. ३.

जिल्लामा खाद्य सामाग्री, ग्यास, ईन्धनको मौज्दात सामान्य अवस्थामा रहेको, अभाव नभएतापनि निजी ब्यापारी एवं सरकारी निकायले संभावित अवस्था विचार गरी मौज्दात बनाई राख्न अनुरोध गर्ने ।

निर्णय नं. ४.

देशकै एक भागमा बसि आफ्नो घर बाजुरा आएकालाई होम क्वारेन्टिनमा राख्ने गरि सम्बन्धित पालिकामा पठाउने ।

निर्णय नं. ५.

विदेशबाट पैदल आएका व्यक्तिलाई सम्बन्धित पालिकाको क्वारेन्टिनमा राख्ने ।

निर्णय नं. ६.

सवारी साधन प्रयोग गरी बिना पास विदेशबाट आएका व्यक्तिलाई जाँचबुझ गरेर नियमानुसार गर्ने ।

निर्णय नं. ७.

सडक यातायात सुलभ नभएको र अत्याधिक जनसंख्यालाई सेवा दिनु पर्ने प्राथमिक स्वास्थ्य केन्द्र कोल्टिमा डाक्टर राख्ने व्यवस्था शीघ्र गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाण्डौ, सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली र बुढीनन्दा नगरपालीकालाई अनुरोध गर्ने ।

निर्णय नं. ८.

क्वारेन्टिनमा बसेका व्यक्तिहरुको लागि लागेको खाना, आवास, यातायात, औषधीउपचार लगायतको खर्च सम्बन्धित पालिकाले व्यहोर्नेछ । सकेसम्म अस्पताल ल्याउन लैजान सजिलो हुने गरी क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाईनेछ ।

निर्णय नं. ९.

बिरामीलाई तत्काल अस्पताल लैजान एम्बुलेन्स नपाईन सक्ने अवस्थालाई विचार गरी अन्य निजि/भाडाको गाडीलाई एम्बुलेन्सको रुपमा सम्बन्धित पालिकाले जिल्ला प्रशासन कार्यालयबाट अनुमती/पास लिई संचालनको व्यवस्था गर्ने ।

निर्णय नं. १०.

जिल्लामा एक मात्र बन्द बोडी एम्बुलेन्स बुढीगंगा नगरपालिका (प्रदेश सरकारले दिएको) मा रहेको हुँदा उक्त एम्बुलेन्स कोभिड-19 संग सम्बन्धित बिरामीको लागि प्रयोग गर्न तयारी अवस्थामा राख्ने र उक्त एम्बुलेन्सलाई जिल्ला अस्पताल बाजुराको समन्वयमा संचालन गर्ने व्यवस्था मिलाउन बुढीगंगा नगरपालिकालाई अनुरोध गर्ने । अन्य बिरामीका लागि सकभर उक्त एम्बुलेन्स प्रयोग नगर्ने ।